बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

लगनखेल, ललितपुर

## (कार्यक्षेत्रः काठमाण्डौं, भक्तपुर, ललितपुर) प्रस्ताव आव्हानको सूचना (सूचना नं. १/२०८०-८१)

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१३ गते)**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुरको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार दुग्ध क्षेत्र विकासको को लागि Green to White Model अन्तर्गतका तपशिलका क्रियाकलापहरु संचालन गर्न इच्छुक पशुपालक कृषक समूह/सहकारी/निजी फार्मले यो सूचना प्रकाशित मितिले तिस (३०) दिनभित्र रु १० को हुलाक टिकट टाँस गरी दुग्ध क्षेत्र विकासको लागि Green to White Model कार्यान्वयन कार्यविधि, २०८० को अनुसूचि ३ अनुसारका कागजातहरु संलग्न राखि अनुसूचि-२ बमोजिमको ढाँचामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुरमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगि तथा म्याद नाघि दर्ता हुन आउका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिनेछैन।

| क्र. सं. | क्रियाकलाप | कार्यालयको प्रति ईकाई प्रोत्साहन रकम रु | न्यूनतम मापदण्ड | संचालन गर्न सकिने कार्यहरु | संचालन हुने स्थान |
|---|---|---|---|---|---|
| १ | आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि कार्यक्रम | लागतको ५० प्रतिशत | १. कम्तीमा ५ वटा दुहुना गाई/भैंसी पालेको हुनुपर्ने ।<br>२. Green to White Center (महाँकाल गा.पा. ४, ५, ६) मा मात्र संचालन हुने । | परालको उपचार (Physical, chemical) हे, साईलेज, हेलेज, TMR., UMMB खरिद | ललितपुर जिल्लाको महाँकाल गा.पा. ४, ५, ६ |
| २ | प्रविधि अनुशरण तथा प्रसार कार्यक्रम | मेसिनरी खरिदको हकमा ५० प्रतिशत तथा भौतिक निर्माणको लागि ८० प्रतिशत | | च्याफ कटर, TMR मेशिन, गोबर प्रशोधन गर्ने उपकरण खरिद, साईलोपिट निर्माण तथा अन्य आवश्यक उपकरणहरु खरिद | |
| ३ | दूधको गुणस्तर वृद्धि कार्यक्रम | कार्यविधि अनुसार हुने | | दूध उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणसँग सम्वन्धित उपकरण, टिट डिपिङ्ग, थुनेलो परिक्षण सामाग्री वितरण/खरिद । | |
| ४ | घाँसको श्रोत केन्द्र स्थापना कार्यक्रम | लागतको ५० प्रतिशत | १. आवेदक निजी फार्म मात्र ।<br>२. घाँस खेतीको लागि न्यूनतम १ हेक्टर जग्गा उपलब्ध हुनुपर्ने ।<br>३. जग्गा लिजमा लिएको हकमा सूचना प्रकाशनको मितिले कम्तीमा ५ वर्षको लिज अवधिबाकि रहेको हुनुपर्ने ।<br>४. Green to White Center मा मात्र संचालन हुने । | | |
| ५ | पशु आहारा आत्मनिर्भर कार्यक्रम | हिउँदे घाँसको लागि प्रति हेक्टर रु. २० हजार/- बहुवर्षे घाँसको लागि प्रति हेक्टर रु. ४० हजार/- | | क्षेत्रफलमा आधारित घाँसेवाली विकास तथा विस्तारका लागि प्रोत्साहन कार्यक्रम | तिन जिल्ला |

**नोटः सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५५४७३७७, ०१-५५४२४४५ वा यस कार्यालयको वेबसाईट www.vhleclalitpur.p3.gov.np बाट डाउनलोड गरि लिन सकिने ।**

**बागमती प्रदेश सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**लगनखेल, ललितपुर**

## (कार्यक्षेत्र: काठमाडौं, भक्तपुर, ललितपुर)

**प्रथम पटक प्रकाशित मिति: २०८०/०८/१३)**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुरको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक एव मापदण्ड पुरा गरेका पशुपालक कृषक समूह/सहकारी/निजी फार्मले तोकिएको समय सीमाभित्र आवश्यक कागजातसहित कार्यालय समयभित्र आवेदन दर्ता गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगि तथा म्याद नाघि दर्ता हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन।

| क्र.सं. | कार्यक्रम | एकाई | परिमाण | कूल बजेट (लाख) | आवेदक | कार्यविधि | सूचनाको म्याद र दरखास्त दिने अन्तिम मिति | स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाख्रा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १५ | कृषक समूह/निजी फार्म | पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | ३० दिन २०८०/०९/१२ | तीन जिल्ला |
| २ | बंगुर प्रवर्द्धन कार्यक्रम | पटक | ३ | १५ | कृषक समूह/निजी फार्म | | ३० दिन २०८०/०९/१२ | तीन जिल्ला |
| ३ | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | पटक | ३० | ३० | दुग्ध उत्पादक सहकरी संस्था | | ३० दिन २०८०/०९/१२ | तीन जिल्ला |
| ४ | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविको पार्जन सहयोग कार्यक्रम | संख्या | २० | २० | आर्थिक हिसावले विपन्न एंव अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडिएका जातजातीहरु एंव उनीहरुवाट गठित कृषक समूह, कृषि सहकारी र कृषि तथा पशुपन्छी फर्म | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविको पार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | २१ दिन २०८०/०९/०३ | तीन जिल्ला |
| ५ | पशुपन्छी तथा मत्स्यजन्य यन्त्र तथा उपकरण वितरण | पटक | १ | ३० | निजी फार्म/कृषक समूह/कृषि सहकारी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ | ३० दिन २०८०/०९/१२ | तीन जिल्ला |
| ६ | दुग्ध उत्पादन वृद्धि कार्यक्रम (दुग्ध जोन कार्यक्रम) | प्याकेज | २ | ५० | निजी फार्म | पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | ३० दिन २०८०/०९/१२ | भक्तपुर जिल्लाको चाँगुनारायण न.पा. र ललितपुर जिल्लाको बागमती गा.पा. १, ३, ५ |

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. तोकिएको ढाँचामा रु १० को हुलाक टिकट सहितको आवेदन, संस्था दर्ता तथा नविकण, कर चुक्ता र प्यान/भ्याट दर्ता (समूह, सहकारीको हकमा बैठकको निर्णय)
२. स्थानिय तहको सिफारिश,
३. सम्वन्धित कार्यविधिमा तोकिएको आवश्यक कागजातहरु
४. दुध जोन तथा पशुपालन असल अभ्यासको हकमा दुध उत्पादन रेकर्ड खुल्ने कागजात

**नोट: सुचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५५४७३७७, ०१-५५४२४४५ वा यस कार्यालयको वेबसाईट www.vhleclalitpur.p3.gov.np बाट डाउनलोड गरि लिन सकिने ।**